# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा शिक्षण भाषा प्रयोगका सिपहरूको शिक्षण हो । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । सुनाइ र पढाइ आदानात्मक/ग्रहण सिप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक/अभिव्यक्ति सिप हुन् । भाषाका चार सिपको अन्योन्याश्रित सम्बन्ध रहेको छ । यी चार सिपमध्ये लेखाइ सिपअन्तर्गत निबन्धलेखन पर्दछ । लेखन सिपका विभिन्न क्रियाकलापमा आधारित भई लेखन कला शिक्षण गरिन्छ । सिकारुमा शैक्षिक, प्राज्ञिक र व्यावहारिक तथा मौखिक अभिव्यक्तिका कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिलाउन, स्वतन्त्र वा सिर्जनात्मक लेखन सामर्थ्य बढाउन र उपयुक्त लेख्य चिह्न र लिपिको प्रयोग गरी स्तरीय लेखन सिप प्राप्त गराउन लेखन कलाको शिक्षण गरिन्छ ।

सिर्जनात्मक साहित्यका विभिन्न विधामध्ये निबन्ध एक प्रमुख विधा हो । साहित्यका श्रव्य र दृश्य भेदअन्तर्गत निबन्ध श्रव्य भेदअर्न्तगत पर्ने गद्य विधा हो । निबन्ध आधुनिक विधा हो । निबन्धको पूर्वीय  र पाश्चात्य साहित्यमा लामो इतिहास रहेको पाइन्छ ।

'निबन्ध' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संस्कृत भाषाको 'बन्ध' धातुमा 'घञ्' (अ) प्रत्यय लाग्दा 'बन्ध' शब्द बन्छ र त्यस 'बन्ध' शब्दा 'नि' उपसर्ग लाग्दा निबन्ध शब्द बन्छ जसको अर्थ राम्ररी बाँध्ने काम हुन्छ (ओझा, २०७१ : १) शब्दले जीवनजगत्का कुनै विषयलाई भाषाका माध्यमबाट लघु आयाममा प्रकट गरेको साहित्यिक विधालाई बुझाउँछ ।

स्वतन्त्र रूपमा लिखित विचारहरूलाई अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास गर्न, प्रसङ्गअनुसार भाषिक अभिव्यक्ति दिन र विद्यालय तहका विद्यार्थीरुलाई लेखन सिपमा सक्षम बनाउनको लागि निबन्धलेखनको आवश्यकता  पर्दछ । आफूले सुनेका, देखेका र प्रत्यक्ष अनुभव गरेका विभिन्न विषय तथा घटनाहरूलाई विद्यार्थीको क्षमताअनुसार निर्देशन दिई सिलसिला र क्रम मिलाएर निबन्धलेखन गराइन्छ । यसबाट लेखन विकास गर्न सरल र प्रभावकारी भूमिका खेल्दछ ।

कुनै पनि व्यक्तिका मनमा उत्पन्न भएका भाव वा विचारहरूलाई सिलसिला मिलाई लेखिने स्वतन्त्र रचना निबन्धलेखन हो । निबन्धलेखन कक्षा सिपको उच्च.स्तरीय सिपअन्तर्गत पर्दछ । विषयवस्तुलाई आदि, मध्य र अन्त्यको ढाँचामा लेखिने सिप नै निबन्धलेखन हो । निबन्धलेखन विद्यार्थीहरूमा लेखन सिपको विकासका लागि महत्त्वपूर्ण मानिन्छ । तसर्थ मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरी विद्यार्थीहरूको लेखन सिपको विकासमा यस कार्यले थप सहयोग पुग्ने देखिन्छ ।

## १.२ समस्याकथन

भाषा मानव सभ्यताको ज्ञानको स्रोत हो । मान्छे विवेकशील प्राणी भएको नाताले भाषाका माध्यमबाट नयाँ सभ्यता, संस्कृति र विज्ञान प्रविधिका विविध क्षेत्रमा उपलब्धि हाँसिल गर्दै आधुनिक युगसम्म पुगेको छ ।

व्यक्तिका मनमा गुम्सिएर रहेका विचारहरूलाई व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम भनेको लेखाइ हो । लेखन कलाको विकास, शब्दभण्डार क्षमताको विकास र सिर्जनात्मक लेखनकला विकासको महत्त्वपूर्ण कार्यकलापका रूपमा निबन्धलेखनको उच्च स्थान रहेको हुन्छ । निबन्धलेखन कार्यका लागि सान्दर्भिक विचारको शृङ्खलाबद्ध भाषिक अभिव्यक्तिको आवश्यकता पर्दछ । निबन्ध अनुच्छेदमा लेखिन्छ । यसरी सृजनात्मक लेखन सिपको आधारभूत पृष्ठभूमि प्रदान गर्ने विद्यालय तहका प्रारम्भिक कक्षाहरूमा पनि बालबालिकाहरूलाई उनीहरूसँग परिचित विषय शीर्षकमा छोटो निबन्धलेखनबाट सिप विकास गराउने प्रयत्न गरिन्छ । विद्यालय तथा विश्वविद्यालय तहका नेपाली पाठ्यक्रमहरूले निबन्धलेखन शिक्षणसम्बन्धी पाठ्यवस्तुहरूलाई महत्त्व दिइरहेको बेलामा विद्यालय तहको विशेषगरी ‘कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन’ नामक शीर्षक छनोट गरिएको छ ।

यो अध्ययन मूलतः निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

क) कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता के कस्तो रहेको छ ?

ख)  लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति के-कस्तो छ ?

ग)  संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति के-कस्तो रहेको छ ?

## १.३ उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क)  कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु

ख)  लैङ्गिक आधारमा छात्र र छात्राहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु

ग)  संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीरुको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

भाषिक सिपहरूमध्ये लेखाइ सिप एक विशिष्ट सिप हो । विद्यार्थीमा आएको सृजनात्मक शक्तिलाई लेखाइका माध्यमबाट प्रस्फुटन गराउन विद्यालय तहदेखि उच्च तहसम्म विभिन्न गराउने गरिन्छ ती विभिन्न क्रियाकलापहरूमध्ये निबन्ध पनि एक महत्त्वपूर्ण क्रियाकलाप हो । विद्यार्थीको लेखाइसम्बन्धी तार्किक, बौद्धिकजस्ता पक्षहरू समावेश गरिने हुनाले निबन्धलेखन क्षमताको अध्ययन गर्नु आवश्यक रहेको छ । लेखन क्षमताको पहिचानसम्बन्धी जे जति अध्ययन भए तापनि मकवानपुर जिल्लाका विद्यार्थीहरूको निबन्धलेखन सम्बन्धी अध्ययनका अहिलेसम्म नभएकाले यो अध्ययन औचित्यपूर्ण देखिन्छ । यस अध्ययनबाट पाठ्यक्रमविद्, शिक्षक, विद्यार्थी, विद्यालय आदिलाई फाइदा पुग्ने देखिन्छ । यसका साथै निबन्धलेखनसम्बन्धी थप अनुसन्धानका क्षेत्रहरू फेला पर्ने हुँदा यस अध्ययन औचित्य रहेको छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययनको लागि क्षेत्र, परिवेश तथा सामग्रीको सम्भाव्यता अध्ययनका क्रममा अत्यन्त विस्तृत र व्यापक अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ तर समयको सीमितता,

आर्थिक समस्या, भौगोलिक विकटताका कारणले अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न गाह्रो पर्ने हुँदा अध्ययनको व्यापकतालाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

क) मकवानपुर जिल्लाका ५ वटा सरकारी र ५ वटा निजी गरी जम्मा १० विद्यालयमा सीमित रहेको छ ।

ख) प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीहरूलाई मात्र सहभागी गराइएको छ ।

ग) लैङ्गिकताका आधारमा ५० जना छात्रा र ५० जना छात्र रहेका छन् ।

घ) उल्लिखित १०० जना विद्यार्थी मध्ये ५० जना सरकारी र ५० जना निजी विद्यालयका विद्यार्थीहरू रहेका छन् ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोध विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

अध्याय पाँच : लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

अध्याय छ : विद्यालयको प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, प्रतिवेदन) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको अध्ययनबाट नै आफूले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्य भए नभएको र भएका भए कतिसम्म र कसरी भएका छन् भन्ने बुझ्न सहयोग पुऱ्याउँछ ।

प्रस्तुत शाधेकार्य 'मकवानपुर जिल्लाका कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनलाई शीर्षकसँग सम्बन्धित पूर्व अनुसन्धानका अध्ययनहरूलाई आधार मानी हेर्दा यो शीर्षकमा केही अनुसन्धानहरू गरिएका छन् । मकवानपुर जिल्लाको कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनसम्बन्धी अध्ययनसँग सम्बद्ध पाठ्यपुस्तक र शोधपत्रको छुट्टाछुट्टै उपशीर्षकअन्तर्गत पुनरावलोकन गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तकको पुनरावलोकन

प्रस्तुत शोधशीर्षकलाई सहज र प्रभावकारी रूपमा अध्ययन अनुसन्धान गर्नका लागि विभिन्न विद्वान्हरूका पुस्तकहरू सम्बन्धित रहेका छन् । जसमध्ये केही पुस्तकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०६५) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गरिएको पाइन्छ । यसका लेखाइ सिपको महत्त्व, आवश्यकता, औचित्य लेखाइको प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी त्रुटिका क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलाप, लेखाइको शुद्धीकरण, आभ्यासिक र निर्देशित लेखन शिक्षणका क्रममा समेत विचार पुऱ्याउनु पर्ने कुराको उल्लेख गरिएको छ ।

ढकाल (२०६६) द्वारा *नेपाली भाषा शिक्षण परिचय र प्रयोग* पुस्तकमा निबन्धलेखनको परिचय, निबन्धलेखनको महत्त्व, निबन्धलेखनको प्रक्रिया तथा निबन्धलेखन स्वतन्त्र र निर्देशित गरी दुई तरिकाबाट गराउन सकिन्छ भन्ने कुरा चर्चा गरिएको छ ।

पौडेल (२०७०) द्वारा लिखित *भाषिक विधा शिक्षण* नामक पुस्तक नेपाली साहित्यका विभिन्न विधा शिक्षणका लागि अति उपयोगी पुस्तकको रूपमा देखिन्छ । यस पुस्तकमा निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो भन्दै निबन्ध शिक्षणको क्रममा प्रचलित विधिहरूमा प्रवचन विधि, छलफल विधि, सूत्र विधि, स्वाध्ययन विधि, समीक्षा विधि तथा प्रस्तुतीकरण जस्ता विधिको चर्चा गरिएको छ ।

ओझा (२०७१) द्वारा लिखित *आधुनिक नेपाली निबन्ध र समालोचना* नामक पुस्तक नेपाली निबन्ध र समालोचना शिक्षण गर्न अत्यन्तै उपयोगी मानिन्छ । यसमा लेखाइ सिपसँग सम्बन्धित निबन्ध सिद्धान्त, प्रतिनिधि निबन्धकार र तिका निबन्ध, नियात्रा र हास्यव्यङ्ग्य निबन्धको परिचय र विकासक्रमलाई चर्चा गर्दै निबन्धको विश्लेषण गरिएको छ साथै समालोचनाको परिचय र प्रवृत्ति अध्ययन गर्ने अपेक्षा राखिएको छ । निबन्धसम्बन्धी ज्ञान र निबन्धका विभिन्न प्रकारहरूसम्बन्धी महत्त्वपूर्ण कार्य गरिएको छ जसले शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण गर्ने आधार प्राप्त भएको छ ।

शर्मा र पौडेल (२०७२) द्वारा सहलेखनमा तयार पारिएको *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा निबन्धलेखनलाई लेखनकलाको महत्त्वपूर्ण कार्यकलाप हो भनिएको हो । यस पुस्तकमा निबन्धलेखनका लागि स्वतन्त्र र निर्देशित दुवै किसिमका अभ्यास गराउन सकिने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा निबन्धलेखनको मुख्य उद्देश्य, निबन्धलेखन सिप हासिल गर्नु र आफ्ना वस्तु, तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापर क्रम मिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सिप आर्जन गर्नु हो भनिएको छ । यस पुस्तकले प्रस्तुत शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण गर्न आधार प्राप्त भएको छ ।

उल्लिखित पाठ्यपुस्तकहरूमा निबन्धलेखन शिक्षणका बारेमा सामान्य जानकारी भए पनि विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन सम्बन्धमा स्पष्ट विश्लेषण पाइँदैन तापनि टेवा पुऱ्याएका छन् ।

### २.१.२ सम्बद्ध शोधपत्रको पुनरावलोकन

प्रस्तुत शोधमा आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन, कथा लेखन क्षमताको अध्ययनसँग सम्बन्धित विभिन्न विद्यार्थीहरूको शोधपत्र निम्नानुसार प्रस्तुत गरिएको छ :

वि.क. (२०६९) द्वारा 'रुकुम जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु, रुकुम जिल्लाभित्रका संस्थागत र समुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन विश्लेषण गर्नु उद्देश्य शोधकार्यमा राखिएको छ । जसमा १०/१० जनाका दरले जम्मा ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । जसमध्ये संस्थागत विद्यालयका ३० जना र सामुदायिक विद्यालयका ३० जना रहेका छन् भने लैङ्गिकताका आधारमा ३० जना छात्र र ३० जना छात्रा रहेका छन् । समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता अध्ययन गर्दा निबन्धलेखन क्षमता कमजोर देखिन्छ भने तुलनात्मक रूपमा संस्थागत विद्यालय अगाडि देखिन्छन् र लैङ्गिकताको आधारमा हेर्दा छात्रभन्दा छात्रा विद्यार्थीहरू निबन्धलेखनमा कमजोर देखिन्छन् । यस शोधको अध्ययनपश्चात् यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न र तुलनात्मक अध्ययनको आधार निर्माण गर्न उपयोगी रहेको छ ।

गौतम (२०७०) द्वारा 'सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । यस अध्ययनमा पनि जनसङ्ख्या नमुना छनोट, सामग्री निर्माण, पूर्व परीक्षण र तथ्याङ्क सङ्कलनलाई प्रमुख विधिका रूपमा लिइएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत र छात्रभन्दा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको पाइन्छ । प्रस्तुत शोधको अध्ययनले यस शोधको आधार निर्माण गर्न सहयोग गरेको छ ।

जोशी (२०७२) द्वारा तयार पारिएको 'बझाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथा लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ। प्रस्तुत शोधमा बझाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु र कथालेखनसम्बन्धी आवश्यक सुझाव समेत उल्लेख गरिएको छ। यस अध्ययनमा बझाङ जिल्लाका सामुदायिक विद्यालयबाट २० र संस्थागत विद्यालयबाट २० गरी जम्मा ६० जना विद्यार्थीहरूको कथा लेखन क्षमताको पहिचान गरिएको छ। प्रस्तुत अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत र छात्रा विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको कथालेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ।

ढकाल (२०७२) द्वारा 'महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ। प्रस्तुत शोधमा महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउनु र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य राखिएको छ। यस अनुसन्धानमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिलाई प्रमुख विधिको रूपमा प्रयोग गरिएको पाइन्छ। यस अध्ययनमा १० वटा विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा अध्ययन गरिएको छ। यस शोधपत्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई हेर्दा सन्तोषजक रहेको पाइन्छ। सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो देखिन्छ। प्राप्त तथ्याङ्कलाई मध्यमन र समूहगत आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा के कति भिन्नता छ भनेर पत्ता लगाउन मानक विचलन समेत निकालेर विश्लेषण गरी निष्कर्ष निकालिएको छ। यस शोधको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न र तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुग्ने देखिन्छ।

खनाल (२०७३) द्वारा 'इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ। प्रस्तुत शोधकार्यको उद्देश्य लैङ्गिकताका आधारमा निमन्त्रणा लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीको निमन्त्रणापत्र लेखन क्षमताको स्थिति पहिल्याई निराकरणका उपाय सुझाउनु र इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत समग्र

विद्यार्थीहरूको निमन्त्रणा पत्र लेखन क्षमता पत्ता लगाउनु रहेको छ । उक्त अध्ययनमा इलाम जिल्लाका ७ ओटा सामुदायिक उ.मा.वि. र ३ ओटा संस्थागत उ.मा.वि.मा अध्ययनरत ५०/५० जना छात्र/छात्रा विद्यार्थीहरूलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिई निमन्त्रणा लेखन क्षमताको अध्ययन गरिएको छ । यसमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस शोधपत्रमा विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निमन्त्रणा लेखन क्षमता उच्च रहेको, लैङ्गिकताका आधारमा छात्रभन्दा छात्राहरूको निमन्त्रणापत्र लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित हुँदाहुँदै पनि क्षेत्रगत हिसाबले भिन्न समेत रहेको छ । यस पूर्वकार्यबाट प्रस्तुत शोधकार्यको उद्देश्य निर्माण र अध्ययन विधि छनोटका लागि आधार प्राप्त भएको छ ।

गिरी (२०७३) द्वारा ‘दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन’ शीर्षकमा शोधसार सम्पन्न गरिएको छ । उक्त अध्ययनमा दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरू रहेका छन् । यस शोधपत्रमा क्षेत्रीय सामग्री सङ्कलन विधि र पुस्तकालयीय अध्ययन विधिमा शोधकार्य सम्पन्न भएको छ । यस शोधपत्रको अध्ययनले शोधको विधि निर्धारण गर्न सहयोग पुगेको छ ।

जोशी (२०७३) द्वारा ‘बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचनालेखन क्षमताको अध्ययन’ शीर्षकमा शोधकार्य सम्पन्न गरेको पाइन्छ । उक्त शोधपत्रमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र ग्रामीण र शहरका विद्यार्थीहरूको सूचना लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु यस शोधको उद्देश्य रहेको छ । उक्त शोधपत्रमा क्षेत्रीय अध्ययन र नमुना छनोट विधि अपनाइ सम्पन्न गरिएको शोधपत्रमा १० ओटा उच्च मा.वि. छनोट गरी प्रत्येक उ.मा.वि. बाट १०/१० जना गरी जम्मा १०० जना नमुना छनोटका रूपमा लिइएको छ । जसमा ५० जना छात्र र ५० जना छात्रा रहेका छन् । निष्कर्षमा लैङ्गिक आधारमा हेर्दा छात्रभन्दा छात्राहरूको सूचना लेखन क्षमता कमजोर रहेको, नगर विद्यालयका विद्यार्थीभन्दा ग्रामीण

विद्यालयका विद्यार्थीहरूको सूचना लेखन क्षमता कमजोर रहेको, समग्रमा बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचना लेखन क्षमता राम्रै रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्य लेखन क्षमतासँग केन्द्रित भएकाले उक्त पूर्वकार्यसँग सम्बन्धित रहेको छ । कक्षा एघारलाई आधार मानेर तयार पारिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोधकार्य क्षेत्रगत दृष्टिले भिन्न समेत रहेको छ । उक्त पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधकार्यको उद्देश्य निर्माण र तालिकीकरण निर्माणमा आधार प्राप्त भएको छ ।

पोखरेल (२०७३) द्वारा 'बि.एड. प्रथम वर्षका विद्यार्थीहरूको बधाइ लेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा बि.एड. प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूको बधाइ लेखन क्षमता पत्ता लगाउनु, लैङ्गिक आधारमा विद्यार्थीहरूको बधाइ लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु उद्देश्यहरू निर्धारण गरिएको छ । जसमा शोधार्थीले शोधकार्य सम्पन्न गर्ने सर्वेक्षण विधिको प्रयोग गरेको पाइन्छ । शोधकार्यलाई वस्तुगत र जीवन्त बनाउने क्रममा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण त्यसको पूर्वपरीक्षण, परीक्षणको कार्यान्वयन वा तथ्याङ्क सङ्कलन सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिका पक्षहरूको उपयोग गरेको पाइन्छ । प्रस्तुत शोधपत्रमा सम्बन्धन प्राप्त क्याम्पसका सापेक्षतामा आङ्गिक क्याम्पसका विद्यार्थीहरू बधाई लेखन क्षमतामा बढी क्षमतावान रहेको तथ्याङ्क देखाइएको छ भने लैङ्गिक आधारमा छात्रको तुलनामा छात्रहरू बधाइ लेखन क्षमतामा सक्षम छन् भन्ने तथ्याङ्क निष्कर्षमा प्रस्तुत गरिएको छ । लेखन क्षमताकै अध्ययनमा आधारित प्रस्तुत शोधकार्य पनि उक्त पूर्वकार्यसँग निकट र सम्बन्धित रहेको छ भने कक्षा र अध्ययन क्षेत्रका आधारमा भिन्न समेत रहेको । उक्त पूर्वकार्यबाट प्रस्तुत शोधकार्यलाई सामाग्री सङ्कलन, तथ्याङ्क विश्लेषण र निष्कर्षमा पुग्नका लागि केही आधार प्राप्त भएको छ ।

बुढाथोकी (२०७४) द्वारा 'काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' गरिएको पाइयो । प्रस्तुत शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता अध्ययन तथा विश्लेषण गर्ने अभिप्रायमा तयार पारिएको छ । समग्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिचान गर्नु र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्नु रहेको पाइन्छ । यस

शोधमा सैद्धान्तिक र प्रायोगिक दुवै अध्ययन गरिएको पाइयो । जसमा नमुना छनोटमा (१०० जना) विद्यार्थीहरूको अध्ययन गरिएको छ । दुई प्रश्नको उत्तर लेख्न लगाई उत्तरपुस्तिका परीक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्कलाई तालिकाबद्ध गरी एकल तथा तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखियो । यस शोधप्रतिवेदन अध्ययनपश्चात् प्रस्तुत शोधकार्यको विधि, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुगेको छ ।

अर्याल (२०७५) द्वारा 'इलाम जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको एक अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनका उद्देश्यहरू सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा निबन्धलेखन क्षमताको तुलना गर्नु र त्यसमा रहेका कमीकमजोरी पत्ता लगाई सुझाव दिनु रहेका छन् । उक्त शोधपत्रमा क्षेत्रीय अध्ययन नमुनाका रूपमा सिन्धुली जिल्लाभित्र पर्ने चारवटा विद्यालयका जम्मा ८० जना विद्यार्थीको प्रतिनिधि नमुना छनोट गरिएको छ । उक्त शोधमा निजी विद्यालयको तुलनामा सरकारी विद्यालयको विनेपाली मातृभाषीको तुलनामा नेपाली मातृभाषीको र छात्राको तुलनामा छात्रको निबन्धलेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ । उक्त पुनरावलोकनबाट प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्री निर्माण गर्न सहयोग मिल्ने देखिन्छ । साथै शोधकार्यका लागि उद्देश्य निर्धारण गर्न सहयोग पुगेको छ ।

रेग्मी (२०७५) द्वारा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन शीर्षकमा शोधकार्य पूरा गरेको पाइन्छ । उक्त अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, लैङ्गिकता, विद्यालयक प्रकृति र निबन्धलेखन सम्बन्धी कमीकमजोरीहरू कस्ता छन् जस्ता उद्देश्यमा केन्द्रित रहेको देखिन्छ । उक्त अध्ययनअनुसार समग्रताका आधारमा राम्रो नतिजा आएको छ, विद्यालयका प्रकृतिका आधारमा सामुदायिकभन्दा संस्थागत विद्यालयको निबन्धलेखन क्षमता उच्च रहेको छ र लैङ्गिकताको आधारमा छात्रहरूको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता उच्च रहेको पाइन्छ ।

पूर्वकार्यको समीक्षा गर्दा हालसम्म निबन्धलेखन सम्बन्धी विभिन्न अध्ययन अनुसन्धानहरू भएका शोधहरू प्रशस्तै भेटिन्छन् । यी शोधहरूले प्रस्तावित अध्ययनलाई महत्त्वपूर्ण आधार प्रदान गरेका छन् । यस सन्दर्भमा लेखक तथा शोधार्थीहरूद्वारा लेखन सिपसम्बन्धी विभिन्न पक्षमा अध्ययन भएको पाइए पनि मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतासम्बन्धी अध्ययन भएको भेटिँदैन ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ परिचय

भाषा विचार विनिमयको माध्यम हो । यो मानव मात्रको निजी पेवा हो र समाजद्वारा पिँढी दरपिँढी हुँदै प्राप्त हुने वस्तु हो । भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । भाषाका चार सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । यी सिपहरूमध्ये निबन्ध लेखाइ सिपअन्तर्गत पर्दछ । लेख्नु भनेको मनमा लागेका कुराहरूलाई लिपिबाट अभिव्यक्त गर्नु हो । लेखाइबाट आफ्ना अभिव्यक्तिहरू अरूसमक्ष पुऱ्याउने व्यक्ति सामान्य व्यक्तिभन्दा उच्च र मर्यादित हुन्छ । समाजका हरेक कार्यकलापहरू बोलाइबाट मात्र सम्भव हुँदैन । कतिपय कार्यहरू मौखिकभन्दा लिखित नै बढी भरपर्दो र विश्वसनीय हुन्छ त्यसैले सामान्यभन्दा सामान्य कामदेखि कामदेखि उच्चस्तरीय राष्ट्रिय-अन्तर्राष्ट्रिय कामकाजसम्म पनि लिखित रूपमा नै सञ्चालन भएको पाइन्छ (लम्साल र अन्य, २०७४ : ६९) ।

'नि' उपसर्ग  लागेर 'बन्ध' शब्दको संयुक्त रूप निबन्ध हो । यसको अर्थ नियममा बाँध्नु भन्ने लाग्छ । यस दृष्टिले निबन्धको अर्थ नियममा बाँधिएर विचार राख्नु भन्ने बुझिन्छ । निबन्धलाई साहित्यको सबैभन्दा कान्छो विधाको रूपमा लिइन्छ । निबन्ध संस्कृत भाषाबाट आएको शब्द हो, तर यसको जन्मचाहिँ सर्वप्रथम अङ्ग्रेजी साहित्यमा भएको थियो । पाश्चात्य साहित्यमा निबन्धलाई 'एस्से' भनिन्छ । जुन ग्रीसेली भाषाको 'एस्सिज' शब्दबाट बनेको हो । यसको अर्थ 'एक प्रयास', 'एक परिश्रम', 'एक मिहिनेत' भन्ने थियो । पछि विस्तारै यसको अर्थ प्राविधिक रूपमा परिणत भएर विचार अभिव्यक्त गर्ने एक प्रयास, भाव प्रस्फुटन गर्ने माध्यम हुन पुग्यो (थापा, २०७१ : १)

निबन्धलाई साहित्यको सबैभन्दा कान्छो विधाका रूपमा लिइन्छ । निबन्ध गद्यमा लेखिएको त्यस्तो साहित्यिक रचना हो जसमा वैयक्तिक अनुभूति, भावनालाई अनौपचारिक

शैलीमा सरल र सरस रूपमा व्यक्त गरिएको हुन्छ । निबन्धलेखन लेखाइ सिपसँग सम्बन्धित विधा हो । निबन्धलेखन प्रारम्भिक कक्षादेखि सुरु हुन्छ । निबन्धलेखनबाट शब्दोच्चारण शब्द र वाक्यको प्रयोगमा शुद्धता ल्याउन र अभिव्यक्तिमा स्तरीयताको निर्वाह गर्न, विषयवस्तुलाई सङ्गठित र शृङ्खलित रूपमा प्रस्तुत गर्न, उखान, टुक्का, परिभाषित तथा प्राविधिक शब्द र शब्दभण्डारका घटक उपयुक्त ढङ्गले मिलाउन सक्ने बनाउन वा शब्दभण्डारको विकास गर्न निबन्धको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### २.२.२ अभिव्यक्ति कलाको परिचय

कुनै पनि विषयवस्तुको अनुभूति वा हृदयमा पलाएको भावना प्रकट गर्ने क्रियालाई नेपाली बृहत् शब्दकोशले अभिव्यक्तिका रूपमा अर्थ्याएको छ । मानिसका मनमा विभिन्न किसिमका भाव र विचार उत्पन्न हुन्छन् । मनमा उत्पन्न भएका त्यस्ता भाव/विचारलाई मानिसले विभिन्न किसिमले बाहिर प्रकट गर्दछ । मानिसले खासगरी इसारा, चेष्टा वा हाउभाउ, सङ्केत वा भाषाका सहायताले आफ्ना मनका भाव विचारलाई बाहिर प्रकट गर्ने गर्दछ । मनका भाव/विचारलाई त्यसरी प्रकट गर्ने नामलाई नै अभिव्यक्ति कला भनिन्छ । वस्तुतः मानिसले आफ्ना मनका भाव/विचारलाई बाहिर व्यक्त गर्ने काम नै अभिव्यक्ति हो । मानिसले गर्ने यस्तो अभिव्यक्तिको प्रमुख माध्यम भाषा हो (भण्डारी, २०७५ : २) ।

### २.२.३ लेखनका प्रकार

लेखनका प्रकार निम्नानुसार चर्चा गरिएको छ :

#### (क) सामान्य अभिव्यक्तिपरक लेखन

सामान्य अभिव्यक्तिपरक लेखनमा आफ्ना इच्छा, आवश्यकता र अनुभव अरू समक्ष व्यक्त गरिन्छ । यो प्रारम्भिक लेखन हो र सम्पादनात्मक तथा साहित्यिक लेखनको आधार पनि हो (पौडेल, २०७० : ८८-८९) ।

#### (ख) सम्पादनात्मक लेखन

सम्पादनात्मक लेखन सूचना र ज्ञानको प्रस्तुतीकरणसँग यो सामान्य लेखनकै विकसित रूप हो र यसको प्रमुख विशेषता तथ्यपरक प्रस्तुति भएको वस्तुपरक, तार्किक तथा बौद्धिक लेखन प्रक्रिया हो । यसमा ज्ञान, विज्ञान र प्रविधि क्षेत्रका विषयवस्तुहरूको

सही र तथ्यपरक जानकारी आवश्यक पर्छ र यसमा प्रतिवेदन, विवेचना, विश्लेषण, व्याख्या आदि सबै साहित्येतर लेखन पर्छन् (पौडेल, २०७० : ८८-८९) ।

(ग) **साहित्यिक लेखन**

साहित्यक लेखनलाई सिर्जनात्मक लेखन पनि भनिन्छ र यसमा वस्तु तथ्यभन्दा भावना, संवेग र कल्पनाका कुराहरू बढी ग्राह्य हुन्छन् । लेखकको स्पष्ट वैयक्तिकता झल्कने आत्म प्रस्तुति यसको प्रमुख विशेषता हुन्छ । यो स्वतन्त्र खालकै बढी हुन्छ (पौडेल, २०७०, पृ. ८८-८९) ।

(घ) **प्राज्ञिक/बौद्धिक लेखन**

प्राज्ञिक/बौद्धिक लेखन भनेको बुद्धिद्वारा ग्रहण गरिन योग्य लेखन भन्ने बुझिन्छ । यसमा नयाँनयाँ कुरा सोच्न सक्ने वा कल्पना गर्न सक्ने मानसिक शक्ति एवम् बुद्धि, विवेक र विशिष्ट ज्ञानको आवश्यकता पर्दछ । कतिपय सिर्जना पढ्दा हृदय रसाउँछ । बौद्धिक कसरत गर्नुपर्दैन । त्यहाँ भाषिक कलाको एक सुन्दर प्रस्तुति हुन्छ । बालरचना यस्तै हुन्छन् । सिर्जनात्मक अभिव्यक्ति पनि बौद्धिक अभिव्यक्ति नै हो । तर सबै सिर्जना बौद्धिक हुँदैनन् । यस प्रसङ्गमा शैक्षिक दृष्टिले उन्नत, उच्च शिक्षा प्राप्त गरेका, कुनै विषयमा दक्षता प्राप्त गरेका वा स्वाध्ययन र दीर्घसाधनाबाट खारिएका लेखकका साहित्यिक वा गैरसाहित्यिक लेखनलाई प्राज्ञिक/बौद्धिक लेखन भनिएको छ । यस्ता रचनाका उपभोक्ता/पाठक पनि समान स्तरका वा उच्च बौद्धिक खालका हुन्छन् । दर्शन, वैचारिक लेख रचना आदिलाई बौद्धिक/प्राज्ञिक लेखन भनिन्छ (भण्डारी, २०७४ : ४) ।

### २.२.४ लेखाइ सिपका कार्यकलाप

लेखाइ सिपका कार्यकलापहरू निम्नानुसार रहेका छन् :

(क) **यान्त्रिक लेखन**

लिपि चिह्न, वर्णविन्यास, विषयवस्तु र पात्र जस्ता पक्षहरूको अनुकरणमा आधारित लेखनका ढङ्गढाँचा वा प्रविधि पक्षमा जोड दिइने लेखनलाई यान्त्रिक वा आभ्यासिक लेखन भनिन्छ । यान्त्रिकताले टङ्कन मेसिन वा कम्प्युटरको उपयोगद्वारा गरिने खालको लेखनलाई पनि समेट्ने स्थिति रहे पनि भाषा शिक्षणका क्रममा लेखन कला शिक्षणभित्र अक्षर लेखन, अनुलेखन, श्रुतिलेखन, साफी लेखन आदि कार्यकलापहरू यान्त्रिक लेखनसँग सम्बन्धित

मानिन्छ । सुनिश्चित दायरा, क्रम, प्रविधि र प्रक्रिया अपनाएर गरिने प्रारम्भिक लेखनलाई यान्त्रिक लेखन भित्र समेट्न सकिन्छ र यस्तो लेखनको प्रकृति अभ्यासमा आधारित हुने भएकाले आभ्यासिक लेखन पनि भन्न सकिन्छ ।

(ख) **निर्देशित लेखन**

निर्देशितलेखन सुनिश्चित ढङ्ग ढाँचा, बुँदा, पूर्व निर्धारित सङ्केत र शिक्षकका निर्देशनअनुसारका सुनिश्चित प्रविधिमा आधारित हुने लेखन हो । यान्त्रिक लेखनको अभ्यासपछि गरिने यस प्रकारको लेखन पनि आभ्यासिक प्रकृतिकै हुन्छ । यसर्थ बुँदाका आधारमा गरिने सारांश, संक्षेपीकरण, विस्तृतीकरण, अनुच्छेद, प्रबन्ध, निबन्ध आदि लेखन र वैयक्तिक समस्या निदानका लागि गरिने चिठी र निवेदन रचना पनि निर्नेशित लेखनअन्तर्गत पर्छन् र यिनको प्रकृति पनि आभ्यासिक किसिमकै हुन्छ । यसबाट विस्तारै स्वतन्त्र वा सिर्जनात्मक लेखनका लागि महत्त्वपूर्ण आधार तयार हुन्छ ।

(ग) **स्वतन्त्र वा सिर्जनात्मक लेखन**

स्वतन्त्र वा सिर्जनात्मक लेखन कुनै खास शीर्षकमा आधारित भएर आफ्ना वैयक्तिक अनुभव र सुझका आधारमा कुनै पूर्व निर्धारित बुँदाहरूको नियन्त्रण भन्दा बाहिर रही लेख्ने खालको लेखन हो । मौलिकता, काल्पनिकता र शिल्प शैलीको सक्दो र आवयक मात्रामा उपयोग गर्दै लेख्ने छुट यसमा हुने भएकाले यसमा वैयक्तिकता प्रबल हुन्छ । प्रवाहमय शैली र आकर्षक शिल्प प्रविधि अपनाइन्छ । यस प्रकारको लेखनमा सुरु सुरुमा केही निर्देशित अभ्यास आवश्यक परे पनि विस्तारै त्यसको मात्रा घट्दै गई साहित्यिक वा साहित्येतर दुबै किसिमका उच्च स्तरीय लेखन प्रक्रिया स्वतन्त्र प्रकृतिबाट अगाडि बढ्छन् । कथा, कविता, निबन्ध, संवाद, नाटक, समीक्षाा, प्रतिवेदन आदि लेखन यसका उदाहरण हुन् र यो उच्च स्तरीय लेखन मानिन्छ (पौडेल, २०७० : ८८-८९) ।

### २.२.५ निबन्धलेखनको परिचय

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) का अनुसार 'नि+बन्ध' शब्द समूह मिली बनेको तत्सम शब्द 'निबन्ध' नाम शब्द हो । कुनै वस्तु, विचार तथा भावको शृङ्खलावद्ध अभिव्यक्ति भएको गद्य रचनाको एक विधा, प्रबन्ध नै निबन्धव हो । यस्ता प्रकारका अभिव्यक्तिहरूलाई शृङ्खलाबद्ध रूपमा रचना गर्ने व्यक्ति निबन्धकार हो । भाव, विचार

आदिलाई सिलसिला मिलाएर अभिव्यक्ति दिने काम निबन्धलेखन हो । निबन्ध आत्मपरक र वस्तुपरक हुन्छन् । निबन्धमा कलात्मक रूपमा उत्पन्न भएका विचारहरूलाई शीर्षकमा केन्द्रित रहेर मिठासपूर्ण शैलीमा भाव प्रवाहित गरिन्छ । ज्ञान, विद्वता तथा हार्दिकतापूर्ण विचार तथा अभिव्यक्तिका माध्यमबाट भाव, शिल्प तथा शैलीमा शीर्षकमा केन्द्रित रही विचारहरू प्रस्तुत गरिन्छ । कला, संस्कृति, संस्कार, परम्परा, प्रकृति र भूगोल, इतिहास, विज्ञान, गणित मानव समाज, चाडपर्व, रोगव्याधि, समाज लगायतका असीमित क्षेत्रमा गद्यका माध्यमबाट चित्रात्मक अभिव्यक्तिहरू पस्कदै पाठकका साम् प्रस्तुत गरिन्छ । निबन्धलेखनले शीर्षकको भावअनुसार अग्रगामी चेतना प्रवाहित गरिरहेको हुन्छ (भट्टराई, २०७५ : २२७) ।

### २.२.६ निबन्धका प्रकार

लेखकको उपस्थिति र अनुपस्थितिका आधारमा निबन्धलाई दुई प्रकारमा विभाजित गरिएको छ :

#### (क) आत्मपरक निबन्ध

आत्मपरक निबन्ध वैयक्तिक र भावनात्मक हुन्छ । अर्को शब्दमा यस्ता निबन्धमा लेखकको निजी भावना अभिव्यञ्जित हुन्छ । यस प्रकारको निबन्धमा म, हामी, तिमी, तपाई जस्ता सर्वनाम प्रयोग गर्दै विषयवस्तुको परिचय र वर्णनभन्दा व्यक्तिगत अनुभव पोख्ने काम हुन्छ (थापा, २०७१ : ३) ।

#### (ख) वस्तुपरक निबन्ध

वस्तुपरक निबन्ध विषयवस्तुलाई केन्द्रीय महत्त्व दिएर लेखिएको रचनालाई भनिन्छ । यस्तो निबन्ध विवरणात्मक, तर्कमूलक र वर्णनात्मक हुन्छ । यस्ता निबन्ध विषयका सूचनाको विश्लेषणलाई महत्त्व दिएर लेखिने गरिन्छ । यस्ता निबन्धमा वस्तुतथ्यलाई महत्त्व दिइन्छ । विषयवस्तुअनुसार वस्तुपरक निबन्धलाई पनि विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ (थापा, २०७१ : ३) ।

### २.२.७ निबन्धको ढाँचा वा स्वरूप

निबन्धलेखन कुनै एउटा विषयमा केन्द्रित रही विषय र प्रसङ्गलाई वस्तुगत वा भभावनात्मक विचारहरू प्रवाहित गर्दै विस्तार गरिन्छ । आत्मपरक वा वस्तुपरक शैलीमा

आकर्षक ढङ्गले न्यूनतम दुई सयदेखि अधिकतम एक हजार शब्दको संयोजन रहेको एकै बसाइमा अध्ययन गर्न सकिने न्यूनतम तीन चारओटा अनुच्छेदहरूमा विभक्त गरी लेखिने निबन्धका ढाँचा/स्वरूप निम्न रहेका हुन्छन् (भट्टराई र लुइटेल, २०७५ : २२८) :

(क) **निबन्धको आदि भाग (थालनी खण्ड)**

निबन्धलेखनका लागि छनोट गरिएको शीर्षकमा केन्द्रित रही विषयको परिचयस्वरूप लेखिने पहिलो अनुच्छेद नै आदि भाग हो । यस भागमा भाव वा विचारको उठान हुने हुँदा यस भागलाई पृष्ठभूमि, परिचय वा भूमिका आदिका रूपमा पनि चिनिन्छ (भट्टराई र लुइटेल, २०७५ : २२८) ।

(ख) **निबन्धको मुख्य भाग (विस्तार खण्ड)**

निबन्धलेखनका लागि छनोट गरिएको शीर्षक वा विषयका बारेमा विस्तार, लाभ, हानी, फाइदा, बेफाइदा, महत्त्व, आवश्यकता, उपयोगिता, प्रेरणा आदि पक्षहरूलाई आवश्यकताअनुसार अनुच्छेदहरू विस्तार गरिन्छन् । शीर्षक वा विषयवस्तुसँग सम्बद्ध रही विषयवस्तु, विचार, अनुभूति, सङ्गठन, शैली एवम् उद्देश्य जस्ता पक्षहरूलाई मध्य भागमा प्रस्तुत गरिन्छ (भट्टराई र लुइटेल, २०७५ : २२८) ।

(ग) **निबन्धको अन्त्य भाग (उपसंहार खण्ड)**

निबन्धलेखनका लागि छनोट गरिएको शीर्षक वा विषयका बारेमा निबन्धको आदि र मध्य भागमा समेटिएका विचार वा प्रस्तुतिलाई सारसङ्क्षेप र विषयवस्तुप्रति लेखकीय वैयक्तिक दृष्टिकोणको निष्कर्ष समेटेर लेखिने अन्तिम अनुच्छेद नै निबन्धको अन्त्य भाग हो (भट्टराई र लुइटेल, २०७५ : २२८) ।

### २.२.८ निबन्धलेखनमा ध्यान दिनुपर्ने पक्षहरू

निबन्धलेखनमा ध्यान दिनुपर्ने पक्षहरू निम्नानुसार रहेका छन् :

(क) **शीर्षकको चयन**

निबन्धलेखनका लागि 'शीर्षक चयन' गर्नु आवश्यक पक्ष मानिन्छ । निबन्धकारले जानेको, बुझेको, अनुभूति तथा अनुभव प्राप्त गरेको लगायतका पक्षहरूलाई अभिव्यक्त गर्न सक्ने शीर्षकको चयन गर्नु उपयुक्त हुन्छ (भट्टराई र लुइटेल, २०७५, पृ. २३०) ।

(ख) बुँदाटिपोट

निबन्धलेखनका लागि उपयुक्त शीर्षकको चयन गरिसकेपछि सोही शीर्षकका विषयसँग सम्बन्धित रहेर वा शीर्षक र विषयका परिधिभित्र रही विभिन्न स्रोत साधनका माध्यमबाट आवश्यक तथ्यहरूलाई बुँदागत रूपमा टिपोट गर्नु हो (भट्टराई र लुइटेल, २०७५, पृ. २३०) ।

(ग) क्रम निर्धारण

शीर्षक चयनपश्चात् शीर्षक तथा विषयमा केन्द्रित रहेर संलग्न गरिएका बुँदाहरूलाई निबन्धलेखनका लागि निबन्धको आदि (भूमिका वा परिचय खण्ड) मध्य ( विस्तार वा प्रचार खण्ड) र अन्त्य (उपसंहार वा निष्कर्ष खण्ड) मा सङ्गठित गर्न उपयुक्त रूपमा क्रमवद्धताका साथ अलग अलग राख्नु पर्दछ (भट्टराई र लुइटेल, २०७५, पृ. २३०) ।

(घ) अनुच्छेद गठन

निबन्धका लागि प्राप्त बुँदाहरूलाई क्रम निर्धारण गरेपश्चात् अर्थ विस्तार गर्दै अनुच्छेद गठन गर्नुपर्दछ । प्रारम्भिक चरणका बुँदाहरूलाई परिचय वा भूमिका खण्डमा विस्तार गर्दै जानुपर्दछ । त्यसैगरी मध्य तथा अन्त्य भागमा समेटिएका बुँदाहरूलाई अर्थपूर्ण वाक्यहरूमा विस्तार गर्दै लैजानु उपयुक्त हुने छ (भट्टराई र लुइटेल, २०७५, पृ. २३०) ।

### २.२.९ निबन्ध शिक्षणको आवश्यकता र प्रयोजन

निबन्ध शिक्षणको आवश्यकता निम्नानुसार रहेको छ :

(क) निबनध शिक्षणको मुख्य प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो । यसबाट स्वतन्त्र लेखनको सुसङ्गठित रूपले पहिचान र अवलम्बनमा मद्दत मिल्नुका साथै विभिन्न भाषिक तथा शैलीगत अनुभव प्राप्त हुन्छ ।

(ख) निबन्ध शिक्षणबाट शब्दभण्डारको अभिवृद्धि गर्न, चुस्त अभिव्यक्तिमा स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन, क्रमिकताको निर्वाह गर्न तथा प्रसङ्ग र भावले मागेको भाषागत सामर्थ्यको विकास गर्न सघाउ पुग्छ ।

(ग) निबन्ध प्रौढ विधा भएकाले यसका लेखक र पाठक मानसिक रूपमा प्रौढ हुनु आवश्यक छ । अतः यसको अभिव्यक्ति वा अध्ययन जेसुकैबाट तर्क शक्तिलाई बढावा मिल्छ र व्यक्तिमा आफ्नो सेरोफेरो र गोलार्धको पर्यवेक्षण

गर्ने क्षमताको विकास हुन्छ । यस्तो क्षमताको विकासले अरूले सधैं देखेर वास्तै नगरेका विषयवस्तुका बारेमा पनि चमत्कारयुक्त दिने उत्प्रेरणा मिल्छ ।

(घ) निबन्ध शिक्षणबाट बोध र अभिव्यक्ति क्षमताको विकासका साथै यसका तत्वहरूको पनि पहिचान हुन्छ र कुनै निर्दिष्ट सामग्रीलाई आवश्यकताअनुसार संक्षेप वा विस्तारमा प्रकट गर्न सक्ने सिपको समेत विकास गर्न मद्दत मिल्छ ।

(ङ) निबन्ध अध्ययनले अन्य सर्जकका रचनालाई समीक्षात्मक र विश्लेषणात्मक रूपले हेर्ने र आत्मसात् गर्ने क्षमताको पर्याप्त विकास भई निबनधप्रति अनुराग बढाउन र सिर्जना गर्ने समेत अभिप्रेरणा मिल्ने उत्तिकै सम्भावना देखिन्छ (पौडेल, २०७०, पृ. ५७) ।

भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मध्ये लेखाइ सिप महत्त्वपूर्ण सिप हो । विद्यार्थीहरूमा शुद्ध र स्तरीय भाषा प्रयोग गर्नका लागि लेखाइ सिपको महत्त्ववपूर्ण भूमिका रहेको हुन्छ । मानवीय अनुभव, संस्कृति, परम्परा संरचित गर्न तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा फैलाउन भाषाको लिखित रूपको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले विद्यार्थीहरूको प्रारम्भिक तहबाट लेखन सिपको विकास गराउन निबन्धलेखनको आवश्यकता पर्दछ । निबन्ध कुनै एउटा विषयमा केन्द्रित रही विषय र प्रसङ्गगलाई वस्तुगत वा भावनात्मक विचारहरू प्रवाहित गर्दै विस्तार गरिन्छ । निबन्धमा कलात्मक रूपमा उत्पन्न भएका विचारहरूलाई शीर्षकमा केन्द्रित रहेर मिठासपूर्ण शैलीमा भाव प्रवाहित हुन्छ । निबन्धभित्र सामान्य लेखदेखि लिएर महान साहित्यिक लेखसम्मको हुन्छ । विभिन्न विषय क्षेत्र सम्बन्धित शब्दभण्डारको विकास गर्न, अभिव्यक्तिमा स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन, क्रमिकताको निर्वाह गर्न तथा प्रसङ्ग र भावले मागेको भाषागत सामर्थ्यको विकास गर्न निबन्धलेखन महत्त्वपूर्ण मानिन्छ । निबन्धलेखनबाट विद्यार्थीहरूको बोध र अभिव्यक्ति क्षमताको विकास हुन्छ । निबन्ध शिक्षणबाट अनुच्छेदवद्धता, अनुच्छेद-अनुच्छेद बिचको अन्तर्सम्बन्ध आदि कुरामा ध्यान दिनुपर्छ । निबन्धलेखन प्रौढ विधा भएकाले यसका लागि लेखक र पाठक मानसिक रूपमा प्रौढ हुनु आवश्यक हुन्छ । निबन्धलेखनले विद्यार्थीहरूको भावना, विचार, शैली आदिलाई सङ्गठित रूपमा व्यक्त गर्नक्ष सिकाउने हुनाले यो महत्त्वपूर्ण विधा हो ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

कुनै पनि अनुसन्धानलाई अगाडि बढाउनको लागि त्यसबाट सफलता प्राप्त गर्नका लागि अध्ययन विधिको आवश्यकता पर्दछ । अध्ययन विधिले अनुसन्धान कार्यलाई सही र व्यवस्थित ढङ्गले अगाडि बढाउने र उद्देश्य प्राप्तिमा सहयोग गर्ने हुनाले अध्ययन विधिको महत्त्व रहेको छ ।

### ३.१.१ अध्ययन विधि

प्रस्तुत निबन्धलेखन क्षमता प्रत्यक्ष रूपमा विद्यार्थीसँग सरोकार राख्ने भएकाले उक्त अध्ययन क्षेत्रीय विधि र वर्णात्मक विधिमा केन्द्रित रहेको छ । उक्त अध्ययनका लागि मकवानपुर जिल्लामा गई विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क राखेर निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ ।

### ३.१.२ जनसङ्ख्या

प्रस्तुत अध्ययनलाई अगाडि बढाउनका लागि शैक्षिक सत्र २०७५ सालमा कक्षा सातमा अध्ययन गर्ने मकवानपुर जिल्लाका निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

### ३.१.३ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययनको उद्देश्य, प्रयोजन समय र लगानीका हिसाबले सम्पूर्ण विद्यार्थीहरूलाई अध्ययन गर्न कठिन पर्ने हुँदा मकवानपुर जिल्लाका जनसङ्ख्या मध्येबाट प्रतिनिधित्व हुने गरी नमुना जनसङ्ख्या गरिएको छ । प्रस्तावित शोधकार्यमा मकवानपुर जिल्लाका ५ सरकारी र ५ निजी विद्यालयबाट १०/१० जना विद्यार्थीहरू छनोट गरी १०० जना विद्यार्थीहरू बिच निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । उक्त सय जना विद्यार्थीहरूका ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरू रहेका छन् ।

### ३.१.४ सामग्री निर्माण

प्रस्तावित अध्ययनमा सामग्री सङ्कलन गर्नका लागि प्राथमिक र द्वितीयक स्रोतहरू उपयोग गरिएको छ ।

#### (क) प्राथमिक स्रोत

प्रस्तुत अध्ययन पूरा गर्न मकवानपुर जिल्लाका प्रतिनिधि नमुना छनोटमा परेका विद्यार्थीहरूलाई निर्देशित निबन्धलेखन गराई उनीहरुका उत्तरपुस्तिकालाई प्राथमिक स्रोतका रुपमा लिइएको छ ।

#### (ख) द्वितीयक स्रोत

प्रस्तुत अध्ययनलाई सफल पार्नका लागि प्राथमिक स्रोतका साथसाथै द्वितीयक स्रोतको पनि प्रयोग गरिएको छ । द्वितीयक स्रोतमा निबन्धलेखन सम्बन्धी शोधपत्रहरू, विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचना आदिबाट सामग्री सङ्कलन गरिएको छ । विद्यार्थीहरूको नतिजामा सहजता ल्याउनका लागि शोधनिर्देशक, विषय शिक्षक र अन्य साथीहरूको सहयोग लिइएको छ ।

### ३.१.५ सामग्रीको पूर्वपरीक्षण

शोधकार्यका क्रममा तयार गरिएका निबन्धलेखनसँग सम्बन्धित शीर्षक के कति उपयुक्त सान्दर्भिक छन् भन्ने जानकारीका लागि पूर्वपरीक्षण गरिएको छ । पूर्वपरीक्षणका क्रममा ३ वटा निर्देशित निबन्ध प्रयोग गरिएको छ । मकवानपुर जिल्लाका श्री कालिका आधारभूत विद्यालयका कक्षा सातमा अध्ययनरत १० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । विद्यार्थीहरूलाई ‘मेरो विद्यालय’, मेरो देश नेपाल र पर्यटन उद्योग गरी २ वटा आत्मपरक निबन्ध र एक वटा वस्तुपरक निबन्ध दिइएको छ । जसका लागि १५/१५ पूर्णाङ्क र २० मिनेट समय दिइएको छ । निबन्धलेखनपछि उत्तर पुस्तिका जाँचका लागि निम्न आधारहरू तयार गरिएको छन् ।

परिचय - १

विषयवस्तुको ज्ञान - २

प्रस्तुतीकरण - ३

संयोजन  र क्रमबद्धता - ३

मौलिकता - २

निष्कर्ष - २

भाषिक शुद्धता - २

### ३.१.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि कार्यलाई सही र व्यवस्थित तरिकाले अगाडि बढाउँदै त्यसको निष्कर्षमा पुग्नका लागि प्राप्त तथ्याङ्कको विश्लेषण गर्नु आवश्यक छ । तथ्याङ्क सङ्कलन उत्तर पुस्तिकाको आाधरमा विभिन्न शीर्षक-उपशीर्षक प्रदान गरिएको छ । जसका लागि अति उत्तम, उत्तम, मध्यम र निम्न रहेको छ ।

यस अन्तर्गत (७५% भन्दा माथिलाई) अति उत्तम, (६१% - ७४% सम्मलाई) उत्तम, (४०%- ५९%) लाई मध्यम र (०% देखि ३९% सम्म) निम्न गरी अङ्क प्रदान गरिएको छ ।

प्रस्तुत अध्ययन मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति के-कस्तो छ भन्ने विषयको वर्णनात्मक तरिकाले अध्ययन गरिएको छ । विद्यार्थीहरूबाट प्राप्त उत्तर पुस्तिकालाई विद्यालयको प्रकृति, लैङ्गिकताको विभिन्न आधारमा तुलना गर्ने र व्याख्या विश्लेषण गर्ने मानक विचलनका आधारमा व्याख्या गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याउन सकिने साङ्ख्यिकीय सुत्रहरु निम्नानुसार रहेका छन् :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी

T = जम्मा विद्यार्थी

(ख) **मध्यमान**

$$\overline{X} = \frac{\Sigma X}{N}$$

$\overline{X}$ = मध्यमाान

$X$ = प्राप्ताङ्क

$N$ = जम्मा सङ्ख्या

(ग) **मानक विचलन**

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

$\sigma$ = मानक विचलन

$\Sigma X^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

$N$ = जम्मा सङ्ख्या

उल्लिखित सामग्री सङ्कलनमा आवश्यक सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिको पनि प्रयोग गरिएको छ । यस अध्ययनलाई वस्तुगत र वैज्ञानिक बनाउन सकेसम्म प्राथमिक स्रोतबाटै सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ४.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्यनय गर्ने क्रममा जम्मा १० वटा विद्यालय र त्यसअन्तर्गत पनि ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय गरी जम्मा १०० जना विद्यार्थीहरूलाई नमुना छनोट गरी अध्ययन गरिएको छ । उक्त अध्ययनमा १०० जना विद्यार्थीहरूमा पनि ५० छात्रा र ५० छात्र गरी अध्ययन गरिएको छ । यस अध्ययनमा समग्र विद्यार्थीहरूले प्राप्त गरेको अङ्क ८७४ रहेको छ । निबन्धलेखन क्षमता प्रतिशतमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**

| कुल सङ्ख्या | ०-३९ सम्म | | ४०-५९ सम्म | | ६०-७४ सम्म | | ७५ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १९ | १९ | ३८ | ३८ | १४ | १४ | २९ | २९ |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

यस तालिकाअनुसार प्रतिनिधि नमुना छनोट कुल सङ्ख्या १०० मध्ये प्रतिनिधि जनसङ्ख्याका आधारमा जम्मा ४ श्रेणीमा निर्धारण गरिएको छ । यसअनुसार ०-३९% सम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १९ र प्रतिशत पनि १९ रहेको छ । ४०-५९% सम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ३८ र प्रतिशत पनि ३८ रहेको छ । त्यसैगरी ६०-७४% सम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १४ र प्रतिशत पनि १४ रहेको पाइन्छ भने ७५% भन्दा माथि निबन्धलेखन क्षमता भएका

विद्यार्थीहरूको सङ्ख्या २९ र प्रतिशत पनि २९ रहेको छ । उक्त प्राप्ताङ्कअनुसार ४०-५९% मध्यम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ३८ रहेकाले मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम पाइएको छ ।

**चित्र १**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**




## ४.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्ने क्रममा १० वटा विद्यालयका १०० जना प्रतिनिधि विद्यार्थीहरूको नमुना छनोट गरी अध्ययन गरिएको छ । यस अध्ययनमा १५ पूर्णाङ्कको निबन्धलेखन गर्न लगाई १५ लाई १००% मानेर समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको प्रतिशताङ्क स्थितिको वर्णन मध्यमान र मानक विचलनका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | मध्यमानभन्दा माथि |
|---|---|---|---|---|
| १०० | ५७.६८ | २२.३० | ५७ | ४३ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना समेटिएका १०० जना विद्यार्थीहरूको समग्र मध्यमान ५७.६८ र मानक विचलन २२.३० रहेको देखिन्छ । समग्र मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा तल ५७ र मध्यमानभन्दा माथि ४३ रहेको विद्यार्थीको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । किनभने मध्यमानभन्दा माथि कम विद्यार्थीहरू रहेका छन् ।

चित्र २

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

# अध्याय पाँच

# मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिक आधारमा निबन्धलेखन क्षमता

## ५.१ लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता

यस अध्यायमा मकवानपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत ५० छात्र र ५० छात्रा गरी जम्मा १०० जनाको निबन्धलेखन क्षमताको तुलना, सङ्ख्या, प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा तुलनात्मक विश्लेषण गरी छात्र र छात्राबिचको निबन्धलेखन क्षमताको अध्ययन गरिएको छ । जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २

लैङ्गिक आधारमा विद्यार्थीको निबन्धलेखन क्षमताको तुलना

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | मानक विचलन |
|---|---|---|---|---|---|
| छात्रा | ५० | ६१.८९ | २१.९७ | ५७.६८ | २२.५४ |
| छात्र | ५० | ५४.६९ | २२.४८ | | |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकामा समान विद्यार्थीको लैङ्गिक आधारमा विभाजन गरी ५० छात्रा र ५० छात्र गरी १०० जना समान विद्यार्थीहरूलाई समेटिएको छ । उक्त तालिकामा समग्र मध्यमान ५७.६८ रहेको देखिन्छ भने छात्राको मध्यमान ६१.८ र छात्रको ५४.६९ रहेको देखिन्छ । त्यसैगरी उक्त तालिकामा समग्र मानक विचलन २२.५४ रहेको छ भने छात्राको मानक विचलन २१.९७ र छात्रको २२.४८ रहेको दे खिन्छ । लैङ्गिकताको आधारमा समग्र मध्यमान ५७.६८ लाई आधार मान्दा छात्राको मध्यमान सङ्ख्या समग्र मध्यमानभन्दा बढी देखिन्छ भने छात्रको मध्यमान समग्र मध्यमानभन्दा कम देखिन्छ । तसर्थ छात्रा र छात्रको निबन्धलेखन क्षमताको तुलना गर्दा छात्राको निबन्धलेखन क्षमता राम्रो रहेको पाउन

सकिन्छ । माथिको तालिकाअनुसार लैङ्गिक आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको स्तम्भ चित्रबाट देखाइएको छ :

चित्र ३

लैङ्गिक आधारमा विद्यार्थीको निबन्धलेखन क्षमताको तुलना




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत स्तम्भ चित्रमा छात्राहरूको निबन्धलेखन क्षमताको मध्यमान ६१.८६ रहेको र मानक विचलन २१.९७ छ भने छात्रको निबन्धलेखन क्षमताको मध्यमान ५४.६९ र मानक विचलन २२.४८ रहेको छ । समग्र मध्यमान ५७.६८ भन्दा छात्राहरूको निबन्धलेखन क्षमता छात्रको तुलनामा राम्रो देखिन्छ ।

## ५.२ छात्रको निबन्धलेखन क्षमताको स्थिति

### ५.२.१ प्रतिशतका आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थिति

मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्ने क्रममा लैङ्गिक रूपमा छात्रहरूको समग्र स्थितिलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ३

प्रतिशतका आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थिति


| कुल सङ्ख्या | ०-३९ सम्म | | ४०-५९ सम्म | | ६०-७४ सम्म | | ७५ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १० | २० | २२ | ४४ | ६ | १२ | १२ | २४ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकालाई चार श्रेणीमा निर्धारण गरी छात्र विद्यार्थीको निबन्धलेखन क्षमता पहिल्याउने क्रममा ५० जना कूल छात्रमध्ये न्यूनतम श्रेणीका रूपमा निर्धारण गरिएको ३९ प्रतिशतसम्म कम निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १० र प्रतिशत २० रहेको छ । त्यस्तैगरी ४० प्रतिशतदेखि ५९ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२ र प्रतिशत ४४ रहेको पाइन्छ । त्यस्तैगरी ७० प्रतिशतदेखि ७४ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत १२ रहेको पाइन्छ । त्यस्तै गरी ७५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १२ रप्रतिशत २४ रहेको पाइन्छ । यसरी हेर्दा सबैभन्दा धेरै विद्यार्थीहरू ४०-५९ को श्रेणीमा रहेको हुँदा विद्यार्थीहरूको निबनधलेखन क्षमता मध्यम स्तरको पाउन सकिन्छ ।

चित्र ४

प्रतिशतका आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थिति




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

### ५.२.२ मध्यमान र मानक विचलनका आधारमा छात्रको निबन्धलेखन क्षमताको स्थिति

मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्ने क्रममा लैङ्गिक रूपमा छात्रहरूको समग्र स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीको निबन्धलेखन क्षमताको स्थिति**


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५४.६९ | २२.४८ | ३२ | ६४ | १८ | ३६ |

स्रोत : स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकाअनुसार छात्र विद्यार्थीको निबन्धलेखन क्षमता पहिल्याउने क्रममा ५० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मध्यमान ५४.६९ लाई आधार मानी हेर्दा मध्यमान भन्दा तल निबन्धलेखन क्षमता भएका छात्र विद्यार्थी सङ्ख्या ३२ र प्रतिशत ६४ रहेको छ भने मध्यमानभन्दा माथि सङ्ख्या १८ र प्रतिशत ३६ रहेको छ । मध्यमानभन्दा तल र माथि २८ प्रतिशतको फरक रहेको देखिन्छ । त्यसैले मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता धेरै सन्तोषजनक नरहेको पुष्टि हुन्छ । मानक विचलनका आधारमा हेर्दा छात्र समूहमा विविध क्षमताका विद्यार्थी रहेको प्रमाणित हुन्छ । यसलाई तलको तालिकामा यसरी देखाइएको छ ।

**चित्र ५**

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत स्तम्भ चित्रमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता केलाउँदा मध्यमानभन्दा तल ६४% र मध्यमानभन्दा माथि ३६% विद्यार्थीहरू रहेको पाइन्छ । यी दुई बिचको फरक२८ प्रतिशत रहेको देखिन्छ । त्यसैले छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नरहेको पाउन सकिन्छ ।

## ५.३ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ५.३.१ प्रतिशतका आधारमा मकवानपुर जिल्लाका छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्ने क्रममा लैङ्गिक रूपमा छात्रा विद्यार्थीहरूको समग्र स्थितिलाई तलको तालिकामा देखाइएको छ :

तालिका ५

प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता


| कुल सङ्ख्या | ०-३९ सम्म | | ४०-५९ सम्म | | ६०-७४ सम्म | | ७५ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ९ | १८ | १६ | ३२ | ८ | १६ | १७ | ३४ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकालाई चार श्रेणीमा विभाजित छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउने क्रममा कुल छात्रा विद्यार्थी सङ्ख्या ५० मध्ये निम्न श्रेणी अर्थात् ०-३९ प्रतिशतसम्म कथालेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ९ र प्रतिशत १८ रहेको छ । त्यस्तैगरी ४० प्रतिशतदेखि ५९ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १६ र प्रतिशत ३२ रहेको पाउन सकिन्छ । त्यस्तै गरी ७० प्रतिशतदेखि ७४ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ र प्रतिशत १६ रहेको पाइन्छ भने ७५ प्रतिशतदेखि माथि विद्यार्थीहरूको सङ्ख्या १७ प्रतिशत ३४ रहेको पाइन्छ । प्रस्तुत तथ्यलाई अवलोकन गर्दा मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता उति उत्तम रहेको पाउन सकिन्छ किनभने सबैभन्दा धेरै विद्यार्थीहरू ७५ प्रतिशतमा रहेको पाइन्छ ।

चित्र ६

प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता




### ५.३.२ मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा लैङ्गिक रूपमा छात्राको समग्र स्थितिलाई मध्यमान र मानक विचलनका आधारमा तलको तालिकामा देखाइएको छ ।

तालिका ६

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीको निबन्धलेखन क्षमताको स्थिति**


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७१.८९ | २१.९७ | २५ | ५० | २५ | ५० |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकामा छनोटमा परेका छात्राहरूको कुल सङ्ख्या ५० रहेको छ भने समग्र मध्यमान ७१.८९ र मानक विचलन २१.९७ रहेको देखिन्छ । मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा माथि सङ्ख्या २५ र प्रतिशत ५० रहेको छ भने मध्यमानभन्दा तल पनि सङ्ख्या २५ प्रतिशत ५० रहेको पाइन्छ । यसरी मध्यमानभन्दा तल र माथि शून्य भिन्नता रहेको देखिन्छ । अर्थात् मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता बराबर रूपमा राम्रा र नराम्रा विद्यार्थीहरू रहेको पाउन सकिन्छ ।

**चित्र ७**

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत चित्रमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई हेर्दा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि ५०/५० प्रतिशत रहेको छ । यी दुईबिच शून्य अन्तर रहेको छ ।

# अध्याय छ

# मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमता

## ६.१ विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता

मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्ने क्रममा विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता तुलनात्मक स्थिति, सङ्ख्या, प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा पहिल्याउनुका साथै तिनीहरू बिचको भिन्नता तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ७

विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको स्थिति

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | मानक विचलन |
|---|---|---|---|---|---|
| संस्थागत | ५० | ६५.२३ | २२.७१ | ५७.६८ | २२.५४ |
| सामुदायिक | ५० | ५०.३६ | २०.१४ | | |


स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयतर्फ ५० जना र संस्थागत विद्यालयतर्फ ५० जना गरी १०० जना विद्यार्थीहरू रहेका छन् । सामुदायिक र संस्थागत दुबैमा समग्र मध्यमान ५७.६८ रहेको छ र सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मध्यमान ५१.३६ रहेको छ। संस्थागत विद्यालयतर्फको विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मध्यमान ६५.२३ रहेको छ । समग्र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मानक विचलन २२.५४ छ भने सामुदायिक तर्फको मानक विचलन २०.१४ रहेको देखिन्छ। माथिको तथ्याङ्कलाई हेरी सामुदायिक र संस्थागत

तर्फको विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको छ ।

**चित्र ८**

**विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको स्तम्भचित्रमा X अक्षमा संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलन राखिएको छ भने Y अक्षमा मध्यमान र मानक विचलनको प्रतिशतले देखाउने सङ्ख्या राखिएको छ । संस्थागत विद्यालयको मध्यमान ६५.२३ प्रतिशत रहेको र सामुदायिक विद्यालयको मध्यमान ५१.३६ प्रतिशत रहेको छ । त्यस्तै संस्थागत विद्यालयको मानक विचलन २२.६१ प्रतिशत रहेको छ भने सामुदायिक विद्यालयको मानक विचलन २०.१४ प्रतिशत रहेको छ । यस चित्रबाट यो प्रस्ट हुन्छ कि सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबनधलेखन क्षमता राम्रो पाउन सकिन्छ ।

## ६.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ६.२.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्ने क्रममा विद्यालयको प्रकृतिका आधारमा संस्थागत विद्यालयको समग्र स्थितिलाई तालिकामा प्रस्तुत गरिएको छः

तालिका ८

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता


| कुल सङ्ख्या | ०-३९ सम्म | | ४०-५९ सम्म | | ६०-७४ सम्म | | ७५ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२ | १५ | ३० | ८ | १६ | २१ | ४२ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकाअनुसार प्रतिनिधि नमुना छनोटको कुल सङ्ख्या ५० मध्ये ०-३९ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीको सङ्ख्या ६ र प्रतिशत १२ रहेको छ । त्यस्तैगरी ४०-५९ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या १५ र प्रतिशत ३० रहेको पाइन्छ । त्यस्तैगरी ६०-७४ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ८ र प्रतिशत १६ रहेको छ भने ७५ प्रतिशतभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २१ प्रतिशत ४२ रहेको पाउन सकिन्छ । उक्त विद्यार्थीहरूको प्रतिशताङ्क स्थिति हेर्दा सबैभन्दा धेरै विद्यार्थी अति उत्तम श्रेणीमा रहेकाले उनीहरूको निबन्धलेखन क्षमता राम्रो मान्न सकिन्छ ।

चित्र ९

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता




### ६.२.२ मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत शोधकार्यमा संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा अध्ययन गरिएको छ :

तालिका ९

मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६५.२३ | २२.७१ | २१ | ४२ | २९ | ५८ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा परेका ५० जना संस्थागत विद्यालयको विद्यार्थीहरूको निबन्धलेखन क्षमताको समग्र मध्यमान ६५.२३ र मानक विचलन २२.७१ रहेको देखिन्छ । उक्त तथ्याङ्कअनुसार समग्र मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल विद्यार्थीहरूको सङ्ख्या २० र प्रतिशत ४२ रहेको छ भने मध्यमानभन्दा तल विद्यार्थीहरूको सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ । यसरी हेर्दा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो वा सन्तोषजनक रहेको पाउन सकिन्छ । यसलाई तलको स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र १०

**मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५

प्रस्तुत वृत्तचित्रअनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यमानभन्दा तल ४२% मध्यमानभन्दा माथि ५८% रहेको छ भने यी दुई बिच १७ प्रतिशत परक रहेको पाइन्छ । मध्यमानभन्दा माथि विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले निबन्धलेखन क्षमता राम्रो मान्न सकिन्छ ।

## ६.३ सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

### ६.३.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्यनय गर्ने क्रममा सामुदायिक विद्यालयको समग्र स्थितिलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता


| कुल सङ्ख्या | ०-३९ सम्म | | ४०-५९ सम्म | | ६०-७४ सम्म | | ७५ भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | निम्न | | मध्यम | | उत्तम | | अति उत्तम | |
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १३ | २६ | २३ | ४६ | ६ | १२ | ८ | १६ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोट कुल सङ्ख्या ५० मध्ये जनसङ्ख्याका आधारमा चार श्रेणीमा विभाजन गरी सङ्ख्या र प्रतिशत राखिएको छ । उक्त तालिकाअनुसार ०-३९ प्रतिशतसम्म निबन्धलेखन क्षँमता भएका विद्यार्थीहरूको सङ्ख्या १३ र प्रतिशत २६ रहेको पाइन्छ । त्यसैगरी ४०-५९ प्रतिशतसम्म निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २३ र प्रतिशत ४६ रहेको छ । त्यस्तैगरी ६०-७४ प्रतिशतसम्म कथालेखन क्षमता रहेका विद्यार्थीहरूको सङ्ख्या ६ प्रतिशत १२ रहेको छ भने ७५ प्रतिशतभन्दा माथि सङ्ख्या ८ र प्रतिशत १६ रहेको पाइन्छ । यसरी हेर्दा सबैभन्दा बढी विद्यार्थीहरू ४० देखि ५९ प्रतिशतभित्र रहेकोले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम स्तरको रहेको पाउन सकिन्छ ।

चित्र ११

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

### ६.३.२ मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबनधलेखन क्षमता

मकवानपुर जिल्लाका प्रतिनिधिव ५ सामुदायिक विद्यालयमा गई कक्षा सात पढ्ने विद्यार्थीहरूलाई आधार बनाई यो शोधपत्र तयार पारिएको छ । जुन तलको तालिकामा देखाइएको छ ।

तालिका १०

मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा तल | | मध्यमानभन्दा माथि | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५१.३६ | २०.१४ | २४ | ४८ | २७ | ५२ |

स्रोत : स्थलगत अध्ययन, २०७५ ।

प्रस्तुत तालिकाअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको समग्र मध्यमान ५१.३६ रहेको छ भने मानक विचलन २०.१४ रहेको छ । उक्त मध्यमानलाई आधार मानेर हेर्दा मध्यमानभन्दा तल सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ भने मध्यमानभन्दा माथि २६ र प्रतिशत ५२ रहेको पाइन्छ । यसरी हेर्दा मध्यमान माथि विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइन्छ । यी दुई बिच धेरै परक नरहेको पाइन्छ । माथिको तालिकालाई यसरी चित्रबाट स्पष्ट पार्न सकिन्छ ।

**चित्र ११**

**मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**




स्रोत : स्थलगत अध्ययन, २०७५ ।

यस स्तम्भ चित्रअनुसार मध्यमानभन्दा तल ४८ प्रतिशत र मध्यमानभन्दा माथि ५२ प्रतिशत रहेकोले विद्यार्थीहरूको निबनधलेखन क्षमता राम्रो रहेको पाइन्छ । यी दुई बिचको फरक ४ प्रतिशत रहेकोले धेरै फरक नरहेको पाउन सकिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये लेखाइ सिप महत्त्वपूर्ण सिप हो । विद्यार्थीहरूमा शुद्ध र स्तरीय भाषा सिकाइको लागि निबन्धलेखन अति उपयोगी हुन्छ । त्यसैले विद्यार्थीहरूमा लेखन सिपको विकास गर्नका लागि निबन्धलेखन आवश्यक पर्दछ ।

प्रस्तुत अध्ययन मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनका उद्देश्य मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु रहेका छन् । यी विभिन्न उद्देश्य प्राप्तिका लागि मकवानपुर जिल्लाका पाँच ओटा सामुदायिक र पाँचओटा संस्थागत विद्यालयका ५०/५० गरी १०० जना विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरिएको छ । जसमा लैङ्गिकताका आधारमा ५० छात्रा र ५० छात्र विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका विद्यार्थीहरूलाई मेरो देश शीर्षकमा निबन्धलेखन गराइएको छ । विद्यार्थीहरूले लेखेका निबन्धलाई परिचय, विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण, संयोजन र क्रमबद्धता, मौलिकता, निष्कर्ष र भाषिक शुद्धता आदिलाई आधार मानेर परीक्षण गरिएको छ । प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

यस अध्ययनको अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको सीमा उल्लेख गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको अध्ययन र निबन्धसँग सम्बन्धित अवधारणा राखिएको छ । त्यस्तैगरी अध्याय तीनमा अध्ययन विधि र प्रक्रियाहरू रहेका छन् भने अध्याय चारदेखि अध्याय सातसम्म उद्देश्यको आधारमा व्याख्या विश्लेषण गरिएको छ भने अध्याय आठमा प्रस्तुत अध्ययनको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधकार्यबाट विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

१. कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको समग्र सिपगत आधारमा मौलिकता, शुद्धता र स्तरयुक्ततालाई हेर्दा निबन्धलेखन क्षमता समग्रमा सन्तोषजनक नै देखियो ।

२. विद्यार्थीहरू निबन्धलेखन क्षमतालाई निम्न, मध्यम, उत्तम र अति उत्तम गरी चार श्रेणीमा निर्धारण गरिएको थियो ।

३. समग्र निबन्धलेखन क्षमतालाई गणितीय प्रतिशतका आधारमा हेर्दा ४३ प्रतिशत विद्यार्थीहरूको निबन्धलेखन क्षमता, मध्यमानभन्दा माथि र ५७ प्रतिशत विद्यार्थीहरूको मध्यमानभन्दा तल छ । विद्यार्थीको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । किनभने मध्यमानभन्दा माथि कम विद्यार्थीहरू रहेका छन् ।

४. लैङ्गिक आधारमा छात्रभन्दा छात्राहरूको निबन्धलेखन क्षमता राम्रो देखिन्छ ।

५. लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मध्यमान ६१.८९ र मानक विचलन २१.९७ रहेको भने छात्रको मध्यमान ५४.६९ र मानक विचलन २२.४८ रहेकाले छात्रको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

६. प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता ६०.२६ रहेको छ भने छात्रको ५६.७७ रहेकाले छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइन्छ ।

७. मध्यमान र मानक विचलनका आधारमा छात्रको मध्यमान ५४-६९ भन्दा माथि १८ र तल ३२ संख्या रहेको पाइन्छ भने छात्राको मध्यमान ६१.८९ भन्दा माथि २५ र तल २५ बराबर सङ्ख्या रहेको पाइन्छ ।

८. विद्यालय प्रकृतिको आधारमा संस्थागत विद्यालयले ४८९ अङ्क र मध्यमान ६५.२३ प्राप्त गरेको भने सामुदायिक विद्यालयका विद्यार्थीहरूले ३८५ अङ्क

र मध्यमान ५१.३७ प्राप्त गरेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइन्छ ।

९. प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबनधलेखन क्षमता उत्तम स्तरको रहेको पाइन्छ भने मध्यमान ६५.२३ भन्दा माथि विद्यार्थीहरूको संख्या २९ रहेको र मध्यमानभन्दा तल २१ रहेकाले विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

१०. प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई हेर्दा सबैभन्दा धेरै विद्यार्थी संख्या ४० प्रतिशतदेखि ५९ प्रतिशतभित्र रहेकाले विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम मान्न सकिन्छ । मध्यमान ५१.३६ भन्दा माथि २६ र तल २४ रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

११. विद्यालयमा हुने अतिरिक्त क्रियाकलापका रूपमा निबन्धलेखनलाई प्रयोग गर्ने विद्यालयमा निबन्धलेखन क्षमता राम्रो रहेको र नगर्ने विद्यालयका विद्यार्थीहरूका निबन्धलेखन क्षमता कमजोर रहेको पाइयो ।

१२. संस्थागत विद्यालय र सामुदायिक विद्यालयलाई तुलना गर्दा संस्थागत विद्यालयमा विषयवस्तु गहनता, दृढटा राम्रो भएको पाइयो ।

यसरी सम्पूर्ण कुरालाई सूक्ष्म रूपमा विश्लेषण गरेर हेर्दा मकवानपुर जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता विकास गराउनको लागि विद्यालयमा निबन्धलेखनको प्रशस्त मात्रामा अभ्यास गराउनुपर्ने देखिन्छ ।

## ७.३ उपयोगिता

साहित्यका विभिन्न क्षेत्रहरूमध्ये लेखनकला, शब्दभण्डार क्षमता, सृजनात्मक क्षमताको विकास गर्न निबन्ध शिक्षण महत्त्वपूर्ण रहेको छ । लिखित अभिव्यक्ति दिने, वाक्य संरचनागत विचार, विषयवस्तु सङ्गठन वा प्रस्तुतीकरण र सफाइगत त्रुटि क्रमशः कम गर्दै लगेर तिनीहरूको निराकरण तथा अभिव्यक्तिलाई स्तरीय बनाउनको लागि विद्यार्थीहरूमा निबन्धलेखन गराउनु अनिवार्य हुन्छ ।

### ७.३.१ नीतिगत उपयोगिता

नीतिगत उपयोगितालाई निम्नानुसार बुँदागत ग्गरिएको छ :

१. प्रस्तुत शोधपत्रले नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक निर्माणमा सहयोग पुऱ्याउँछ ।

२. विद्यार्थीहरूका लागि पाठ्यक्रम तयार गर्दा पाठ्यक्रमविद्हरूलाई स्तर क्षमताका आधारमा पाठ्यपुस्तकको छनोट र स्तरणमा सहयोग गर्दछ ।

३. प्रस्तुत शोधपत्रले भाषा पाठ्यक्रममा समावेश गरिने भाषिकसिपको उद्देश्य हुने गरी पाठ्यवस्तु छनोट र स्तरणमा सहयोग गर्दछ ।

४. यस शोधपत्रले निबन्धलेखनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्दछ ।

५. यस अध्ययनले विद्यालय तहमा निबन्ध शिक्षणको महत्त्वबारे प्रस्ट पार्नेछ ।

६. अभ्यासात्मक खण्डमा सृजनात्मक अभ्यासको महत्त्व झल्काउने छ ।

### ७.३.२ प्रयोगगत तह

प्रयोगगत उपयोगितालाई निम्नानुसार बुँदागत गरिएको छ :

१. शिक्षकलाई पेशागत रूपमा सक्षम बनाइ विद्यार्थीहरूलाई पृष्ठपोषण दिन ।

२. विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामग्री शिक्षण विधि र प्रविधि छनोट गर्नमा सहयोग गर्दछ ।

३. लेखन सिपका सम्बन्धमा देखिएका कमजोरीहरू निराकरणका लागि आवश्यक सुझाव दिन,

४. विद्यालय तहमा हुने अतिरिक्त क्रियाकलापका रूपमा निबन्धलाई समेट्न ।

५. निबन्धलेखन र निबन्ध शिक्षणको आवश्यकता र महत्त्वबारे जानकारी दिन ।

६. विद्यार्थीहरूलाई आफ्नो मौलिक विचार, भावलाई सहज र वर्णविन्यासगत त्रुटि रहित निबन्धलेखन सिप विकास गर्दछ ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०६५), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, कमला (२०७५), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ओझा, रामनाथ (२०७१), *आधुनिक नेपाली निबन्ध र समालोचना,* काठमाडौँः पाठशाला पब्लिकेशन प्रा.लि. ।,

खनाल, शान्ताकुमारी (२०७३), *इलाम जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निमन्त्रणापत्र लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गिरी, गीता (२०७३), *दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, पवित्रा (२०७०) *सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, दिनेश र निउरे ध्रुवप्रसाद (२०७२), *भाषिक अनुसन्धान विधि,* काठमाडौँः सनसाइन पब्लिकेसन ।

जोशी, सरिता कुमारी (२०७२), *बझाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कक्षा लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जोशी, दुर्गाकुमारी (२०७३), *बझाङ जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको सूचना लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, लेखनाथ (२०७२), *महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीरको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६६), *नेपाली भाषा शिक्षणः परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन ।

पोखरेल, देवीप्रसाद (२०७३), *बि.एड. प्रथम वर्षका विद्यार्थीहरूको बधाइ लेखन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०) *भाषिक विधा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* कामठाडौँः रत्न पुस्तक भण्डार ।

बुढाथोकी, प्रमिला (२०७४), *काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली आख्यान र नाटक,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, मुना (२०७५), *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

वि.क., प्रेमबहादुर (२०६९), *रुकुम जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७२), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

साउद, डबलबहादुर (२०७५), *अछाम जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट

## छनोटमा परेका विद्यालय तथा विद्यार्थीहरूको नामावली

**संस्थागत विद्यालय**

**१. फेमकल एकेडेमी**

| | | | |
|---|---|---|---|
| याङ्जी थिङ | १३ | कुशल थापा | ४ |
| रिया गोले | १४ | अनुप थोकर | ५ |
| अबिना पाखिन | १२ | समिर घलान | ८ |
| आस्था लामा | १३ | आदर्श न्यौपाने | ८ |
| श्रस्मा तिवारी | १३ | गौरव मोक्तान | १० |

**२. सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी**

| | | | |
|---|---|---|---|
| प्राश्ना दाहाल | ७ | सरव सुनार | २ |
| मोनिका थापा | ६ | क्रिश सुनार | ६ |
| सुरुचि भट्टराई | ५ | अबु फैसल अंसारी | १४ |
| प्राञ्जल तामाङ | ४ | आशिक कु यादव | १० |
| सोनी यादव | ६ | भिजन पहरी | ११२ |

**३. रस्सल एकेडेमी**

| | | | |
|---|---|---|---|
| शिक्षा मिजार | ८ | चिराग मगर | ८ |
| सलिना श्रेष्ठ | १४ | अर्बिन बन्जरा | १२ |
| रोसिका सापकोटा | १३ | बुद्ध योन्जन | ३ |
| तमन्ना गुरुङ | १२ | समिर मोक्तान | ७ |
| सिम्रन थिङ्ग | १० | किपेश नेपाली | ७ |

## ४. मोर्डन मा.वि.

| | | | |
|---|---|---|---|
| सब्बु राई | १३ | युविन लामा | १२ |
| अस्मिता वाईबा | १४ | रोहन शाही | १२ |
| विनिसा लामा | १४ | निश्चल ढकाल | १० |
| सृष्टि अधिकारी | ८ | सार्थक आर्चा | १४ |
| सलिना तिमल्सिना | १० | प्रशुन पकुवाल | ७ |

## ५. बाल जागृति इङ्लिस सेकेण्डरी स्कुल

| | | | |
|---|---|---|---|
| रिसिका श्रेष्ठ | १४ | सन्देश दाहाल | ७ |
| स्नेहा दाहाल | १० | चिरञ्जीवी सिंह | १३ |
| अस्मिता उप्रेती | १० | क्यारोल लामा | १४ |
| सिम्रन थिङ्ग | ११ | सन्दिप गुरुङ्ग | ८ |
| बिनिता राना मगर | ८ | आश्रय अर्याल | १४ |

**सामुदायिक विद्यालय**

**१. श्री कालिका आधारभूत विद्यालय**

| | | | |
|---|---|---|---|
| आरती तितुङ | १४ | समिर गोले | १३ |
| सितामाया थिङ | ५ | दिपराज मोक्तान | ३ |
| पुष्पा मोक्तान | ५ | साजन वाईबा | ५ |
| सुकुमाया गोले | ३ | राकेश मोक्तान | ८ |
| अर्पना थिङ्ग | ५ | निशान्त थापा | ५ |

**२. श्री प्रगती मा.वि.**

| | | | |
|---|---|---|---|
| निधि यादव | ८ | सुदिप कु चौधरी | ७ |
| युविका अधिकारी | १० | प्रजेस महर्जन | २ |
| ओसिका लम्साल | ५ | अवध किशोर शर्मा | ८ |
| अनुदोङ | ८ | विशाल लामा | ७ |
| सन्जिता मिजार | ८ | दोर्जे स्याङ्बो | १० |

**३. श्री महेन्द्र मा.वि.**

| | | | |
|---|---|---|---|
| ओनिका थापा मगर | १३ | अविलेष बराली | १२ |
| सुशिला घलान | ५ | उदय केसी | ७ |
| करिस्मा प्राव्रिन | ८ | सुजित मोक्तान | ७ |
| खुसी रुम्बा | ८ | रेजन्म सन्तान | २ |
| सजना लामा | ५ | सुदिप पौडेल | ७ |

## ४. श्री त्रिवेणी आधारभूत विद्यालय

| | | | |
|---|---|---|---|
| सरला लामा | १२ | सुषान्त चोकर | ७ |
| संजिता विक | १० | रविन नेपाली | ६ |
| रविना घलान | १० | रिपेश | ६ |
| एलिजा दर्जी | ८ | समिर दियाली | ८ |
| आशिका लम्साल | ७ | आकाश वाईबा | १३ |

## ५. श्री जनज्योति मा.वि.

| | | | |
|---|---|---|---|
| विनिता गौतम | १४ | धिरेन्द्र सिंतान | ८ |
| अंकिता घिमिरे | ७ | विवेक गोम्जा | ८ |
| किरण वि.क. | ६ | पासाङ थिङ | १० |
| प्रिति खड्का | ६ | गंगा रामथिङ | ३ |
| पुनम दनाई | १२ | स्मृति थपलिया | १० |

# व्यक्तिवृत्त

नाम : सुशिला अधिकारी

जन्ममिति : २०४७/०६/०८

ठेगाना : अर्घाखाँची, हंसपुर

बुवाको नाम : चूडामणि अधिकारी

आमाको नाम : नुमा अधिकारी

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८६११८४३५४

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | वैष्णवी माध्यमिक विद्यालय, कीर्तिपुर | २०६४ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | जनसेवा उच्च मा.वि., कीर्तिपुर | २०६६ | द्वितीय |
| स्नातक तह (बी.एड.) | मंगल बहुमुखी क्याम्पस, कीर्तिपुर | २०७२ | उत्तीर्ण |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | २०७५ | |